**पैसाले किन्न सकिन्छ ...**

*एउटा पलङ; **तर** निद्रा **होइन***
*किताबहरू, **तर** ज्ञानबुद्धि **होइन***
*खानेकुरा, **तर** भोक र रुचि **होइन***
*वेशभूषा, **तर** सुन्दरता **होइन***
*एउटा घर, **तर** आत्मीयता **होइन***
*सम्पत्ति, **तर** नैतिकता **होइन***
*दवाई, **तर** स्वास्थ्य **होइन***
*मनोरञ्जन, **तर** मनको शान्ति **होइन***
*मादक पदार्थ, **तर** साँचो आनन्द **होइन***
*एउटा क्रूसको माला, **तर** एउटा मुक्तिदाता **होइन***
*एउटा टिकट हरेक ठाउँमा पुग्न, **तर** स्वर्गमा **होइन***

**पैसाले जुन-जुन कुरा किन्न सकिँदैन, ती कुराहरू प्रभु येशूले तपाईंलाई सित्तैंमा दिनुहुन्छ। के उहाँ तपाईंको व्यक्तिगत प्रभु र मुक्तिदाता हुनुहुन्छ?**

हुनुहुन्न भने प्रभु येशूबाट तपाईंले आज नै एउटा नयाँ, आशिषले भरपूर जीवन पाउन सक्नुहुन्छ। सम्पूर्ण हृदयले विश्वाससाथ उहाँलाई पुकारेर यसो भन्नुहोस्: *'हे प्रभु येशू, आज म तपाईंमा शरण परेर मेरो जीवन अर्पन्छु; म जान्दछु, म एउटा पापी मानिस हुँ। मेरा सबै पापहरू मलाई क्षमा गर्नुहोस् र मलाई बचाउनुहोस्! अबदेखि उसो म तपाईंलाई मेरा प्रभु र मुक्तिदाताको रूपमा मान्छु र मेरो जीवनभरि तपाईंलाई पच्छ्याउँछु; किनकि तपाईंले मेरो निम्ति क्रूसमा आफ्नो अमूल्य रगत बगाउनुभएको छ। धन्यवाद!'*

यो विश्वासको कदम चलेर तपाईंले पापको क्षमा पाउनुभयो, जीवित प्रभु येशूसित आफ्नो सम्बन्ध जोड्नुभयो र एउटा नयाँ जीवनमा प्रवेश गर्नुभयो। अब यस नयाँ जीवनमा अघि बढ्नुहोस्! प्रार्थनासाथ पवित्र बाइबल पढ्नुहोस्! अरू ख्रीष्टका लोकसित सँगत गरि-राख्नुहोस्! यस सम्बन्धमा कुनै प्रश्न तपाईंको मनमा उठेको छ भने निम्न ठेगानामा सम्पर्क गर्नुहोला:

**e-mail: nbcinepal@gmail.com**
**web-page: www.nbcinepal.org**